# राजु सदाको मृत्यु सम्वन्धि अध्ययन विशेष समिति, २०७७
# प्रतिवेदन

**१.प्रारम्भिक**

प्रदेश सभाको मिति २०७७/०३/१४ गतेको बैठकले प्रादेशिक अस्पताल , जनकपुरधाममा उपचारको क्रममा मृत्यु भएका हंसपुर न.पा. ७, धनुषाका राजु सदाको घटना अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १५२ उपनियम २ बमोजिम राजु सदाको मृत्यु सम्वन्धि अध्ययन विशेष समिति, २०७७ गठन गरिएको थियो।

**१.१ समिति संरचना-**

१. मा.श्री रविन्द्र बैठा धोबी - समिति संयोजक
२. मा.श्री चमेली देवी दास - सदस्य
३. मा.श्री सुरिता कुमारी साह - सदस्य
४. मा.श्री नरेश यादव - सदस्य
५. मा.श्री सावित्री देवी साह - सदस्य

**क.कार्यक्षेत्र**

मुलुकभर लकडाउन जारी भए पश्चात राजु सदा भारतबाट नेपाल प्रवेश गरी स्थायी ठेगाना हंसपुर नपा. ७, धनुषा स्थित क्वारेन्टाइनमा बसेका र त्यहाबाट उपचारकै क्रममा प्रादेशिक अस्पताल, जनकपुरधाममा लागिएकोमा उनको त्यही अस्पतालमा मिति२०७७/०३/०९ गते विहान मृत्यु भएको र सो घटनाको अध्ययनका लगि जिम्मेवार पक्ष सरोकारवाला पक्षसँग आवश्यक सोधपुछ एवं छानविन गरी अध्ययनको निश्कर्ष निर्देशनात्कम रुपमा पेश गर्नुपर्ने।

**ख.अपनाइएका विधि**

१. समितिले मृतक राजु सदाको घर पुगी सम्वन्धित वडाध्यक्षको उपस्थितिमा स्थलगत अवलोकन, स्थानीयवासी, सरोकारवालासँग प्रत्यक्ष अन्तर्कृया गरेको थियो।

२. हंसपुर न.पा.७, नौवाखोर स्थित क्वारेन्टाइनमा गई स्थलगत अवलोकन तथा स्थानीय तहका पदाधिकारी एवं सम्वन्धित व्यक्तिहरुसँग छलफल गरिएको थियो।

३. प्रदेशिक अस्पताल, जनकपुरधामबाट मृतक राजु सदाको उपचार सम्वन्धि कागजात मगाइ सो सम्वन्धमा विषय विज्ञलाइ आमन्त्रण गरी अध्ययन गरिएको साथै अस्पतालमै पुगी सरोकारवालासँग छलफल तथा अन्तर्कृया गरिएको थियो।

४. समितिको म्याद २०७७/०३/१७ देखि ऐ.२१ गते सम्म ५ दिनको भएकोमा कार्य सम्पन्न नभएकोले ०७७/३/२३ गते म्याद थप ५ दिन को प्रस्ताव पेश भइ मिति ०७७/०३/२६ सम्म म्याद थप भएको र समितिले सोही बमोजिम कार्य सम्पादन गरेको ।

## १.२. समितिको उद्देश्य

राजु सदाको मृत्यु सम्वन्धमा आवश्यक छानविन गरी सत्य तथ्य पत्ता लगाइ सम्वन्धित मन्त्रालय र अस्पताललाइ कोभिड लक्षित विरामीको स्वास्थ्य उपचार सम्वन्धमा सुझाव र निर्देश गर्नु ।

## १.३ अध्ययन विधि

प्रत्यक्ष स्थलगत अवलोकन, छलफल एवं अन्तरकृया पश्चात विश्लेशण गरिएको साथै विषय विज्ञ चिकित्सक, स्वास्थ्य निर्देशनालय, प्रदेश नं.२ का स्वास्थ्य निर्देशकको उपस्थितिमा छलफल गरी अस्पतालबाट प्राप्त कागजातको अध्ययन गरी सम्वन्धित निकायहरुलाइ निर्देशन गर्ने कार्य भएको ।

## १.४ अध्ययनको सिमा

अध्ययन मृतक राजु सदासँग सम्वन्धित स्थान- क्वारेन्टाइन स्थल, प्रादेशिक अस्पताल, अस्पतालको प्रतिवेदन, सम्वन्धित मन्त्रालय, स्वास्थ्य कागजात अध्ययन, प्रत्यक्ष अवलोकन र छलफलबाट गरिएको छ ।

## २.घटना अध्ययन विश्लेशण

### मृतकको घर पुगी वडाध्यक्ष श्री रामसेवक मण्डल सहित स्थानीयसँग छलफल हुँदा

समितिका सदस्यहरु जनकपुरधामबाट करिब १३ कि.मि. उत्तर पुर्वमा पर्ने हंसपुर न.पा.७, प्रसाही, धनुषामा मिति २०७७/०३/१७ गते दिँउसो २:१५ मा पुगेको र सो समयमा निज मृतक परिवारका सदस्यहरु जनकपुर रहेको वुझिएको ।

### *राजु सदाका साथी अरुण सदाका अनुसार*

मृतक राजु सदा (वर्ष-१६) अफ्ना अन्य ८ साथीहरु (अरुण सदा समेत) सँग भारतको मदरासबाट ट्रेनको यात्रा गरी दानापुर आएका र त्यहाबाट जटही बोर्डरसम्म बसबाट यात्रा गरेका । पाँच दिनका भारत यात्रा पश्चात मिति २०७७/०२/१४ गते जटही बोर्डरबाट नेपाल प्रवेश गरेका । उनीहरुका अभिभावकले Magic सवारी भाडामा व्यवस्था गरेका र त्यसैबाट जटहीदेखि हंसपुर न.पा.७, नौवाखोर, धनुषास्थित स्वास्थ्य चौकीको भवनमा बनाइएको क्वारेन्टाइनमा उनीहरुको ९ जनाको समुह राति ८:०० बजे प्रवेश गरेका थिए । भारतबाट यात्रा गरि क्वारेन्टाइनमा प्रवेश गरे सम्म निजको स्वास्थ्य अवस्था सामान्य रहेको । स्थानीय तहले बोर्डरबाट पालिकासम्म मुलुक बाहिरबाट फर्कनेहरुलाइ ल्याउन सवारी साधनको व्यवस्था सम्वन्धमा पहल नभएको । क्वारेन्टाइन भवनमा राजु सदालाइ भवनको तल्लो कोठाहरुमा खाली स्थान नरहेको भनि १०

दिन सम्म छतमै राखिएको र त्यसपछि मात्रै निजलाइ भवनको कोठा उपलब्ध गराइएको । क्वारेन्टाइनमा बसेको ३ दिनपछि नै निजलाइ पखाला लागेको तर गुनासो पश्चात जम्मा १ पोका जीवनजल मात्र दिइएको ।

निज विरामीको पखाला निको नभएको र सोका लागि आवश्यक उपचारको प्रकृया अगाडि नबढाइ निजको स्वास्थय विग्रिन थालेपछि २०७७/०२/२९ गते नगरपालिकाको टिपरमा राखि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको । अस्पताल पुगेको १० दिनसम्म निजले खाना खाएको तर त्यसपछि निजलाइ Saline पानी चढाइ उपचार गरिएको ।

***स्थानीयको विचार***

२०७७/०३/०९ गते विहान ३:०० वजे निजको मृत्यु भएको र मृत्यु भएको २ दिन अघि देखि विरामीले शरीर तन्काउने गरेको ।

**क्वारेन्टाइन स्थलको अध्ययन**

समिति मिति २०७७/०३/२१ गते हंसपुर न.पा.७, नौवाखोर स्थित स्वास्थ्य चौकीको भवनमा बनाइएको क्वारेन्टाइन (जँहा राजु सदा बसेका थिए)को स्थलगत अवलोकन र छलफलका लागि दिँउसो ४:०० बजे पुगेको थियो ।

सो छलफलमा नगरपालिका प्रमुख श्री रामज्ञान मण्डल, उपप्रमुख श्री रेणू झा, वडा नं.७ का वडाध्यक्ष श्री रामसेवक मण्डल, स्वास्थ्य शाखा प्रमुख श्री बुधेश्वर यादव (सि. अ.हे.व.छेठौं) लगायत अन्य व्यक्ति समेतको उपस्थिति रहेको थियो ।

***स्वास्थ्य शाखा प्रमुख र नगर प्रमुखका अनुसार***

२०७७/०२/१४ गते त्यहा आइपुगेका राजु सदाको जेठ २३ गते कोरोना संक्रमणको जाँचका लगि Rapid Diagnostic Test (RPD) परिक्षण गरिंदा Corona Test Positive देखिएको थियो । निज राजु सदा १४ दिन त्यहा रहेका थिए । क्वारेन्टाइनमा रहदा खाना नरुचेको, कमजोरी बढेको र शारिरिक रुपमा सुस्त भएको भनी निजलाइ २०७७/०२/२७ गते प्रादेशिक अस्पताल जनकपुरधाममा रेफर गरिएको थियो । सोही अनुसार अभिभावकले समेत तुरुन्त अस्पताल लैजान पहल गरेको र जेठ २८ गते एम्वुलेन्सको व्यवस्था हुन नसकेकोले २०७७/०२/२९ गते विहान ११:०० वजे नगरपालिकाको टिपरमा राखि निजलाइ अस्पताल लगिएको र विरामी आफै उक्त टिपरमा चढेको बताइएको । क्वारेन्टाइनमा रहंदा Thermal gun ले निज विरामीको शरीरको तापक्रम नापिएको तर नियमित स्वास्थ्य जाँचको अभिलेख रहेको पाइएन ।

**प्रादेशिक अस्पतालको विवरण**

२०७७/०३/२५ को बेलुका ५:४५ मा समितिका सदस्यहरु अस्पताल पुगी अस्पतालका मेडिकल सुपेरिटेन्डेन्ट, विषय विज्ञ पुर्व मे.सु., अस्पताल विकास समिति, क्वारेन्टाइन व्यवस्थापन

समितिका पदाधिकारी लगायत कार्यरत चिकित्सकको उपस्थितिमा घटना सम्वन्धमा सोधपुछ एवं अन्तर्कृया गर्यो।

अस्पतालको प्रतिवेदन अनुसार निजको मृत्यु Meningoencephalitis नामक रोगको कारण भएको वुझिन्छ। अस्पतालको रेकर्ड अनुसार विरामी मिति २०७७/०२/२९ गते दिँउसो २ बजेतिर मात्र अस्पतालमा आएको देखिन्छ। सो समयमा बिरामीमा भोक नलाग्ने, पातलो पखाला हुने गरेको र शारिरिक रुपमा कमजोर देखिएको बताइयो। सो बखत विरामीमा रुघाखोकीको लक्षण नदेखिएको र निज बिरामी भर्ना भएको मितिले २०७७ असाढ ५ गते राति १०:०० वजे सम्म ठिक रहेको र खाना पनि खाएको जानकारी प्राप्त भयो। असार ६ गते विहान विरामी बोल्न नसक्ने भएको भनि डाक्टरकोमा फोन आएको। विरामीले पानी राम्रैसँग पिउने गरेको तर हातखुट्टा तन्काउने गरेको साथै बोलीमा समस्या बाहेक अरु ठिकै रहेको भनिएको। असार ६ गते रक्त परिक्षणको लागि नमुना रगत प्रयोगशालामा पठाँउदा नमुना रगत कम भएको भनि पुन: संकलन गरी पठाएकोमा असार ७ गते मात्र नतिजा प्राप्त भएको। असार ६ गते विरामीको CT scan परिक्षणको लागि advice भएको। असार ७ गते १०:०० वजे विहान विरामीको स्वास्थ्यमा सामान्य सुधार भएको भनिएको, विरामीले खाजा नखाएको तर विरामीलाइ saline पानी चढाइ उपचार गरिएको। असार ८ गते समेत विरामीको CT scan परिक्षणको advice भएको तर विरामीको आफन्तले स्वीकार नगरेको भनिएको तर Refusal note अस्पतालको प्रतिवेदन र कागजातमा संलग्न नरहेको। PCR विधिबाट कोरोना परिक्षणको लागि २०७७ जेठ २९ गते विरामीको स्वाब संकलन गरीए पनि परिक्षण रिपोर्ट असार ८ गते १०:३० am मा मात्र नतिजा आएको र नतिजा negative देखिएको। सो समयमा विरामीको अवस्था चिन्ताजनक रहेको र Saline पानी चढिरहेको भनिएको। अस्पतालका डा. कुलदीप पण्डितका अनुसार विरामी असार ६ गते बेडबाट लडेको र Abnormal behaviour देखाएको। PCR Report आइसकेपछि मात्रै निजलाइ Isolation बाट Emergency मा सिफ्ट गरिएको। Isolation बाट असार ८ गते ११:३०-११:४५ am मा निस्केको विरामी emergency मा सोही दिन २:०० बजे मात्र पुगेको सो छलफलबाट जानकारी प्राप्त भयो। Emergency मा जानु पुर्व विरामीको बोली बन्द रहेको र CT Scan का लागि अभिभावकले अस्वीकार गरी थप उपचार गराउन नसक्ने भनेका जानकारी छलफलमा सम्वन्धित डाक्टरहरुद्वारा गराइयो।

**निश्कर्ष**

मृतकको घर पुगेर निजको साथी बाट प्राप्त भएका भनाइ पुर्ण रुपमा सत्य मान्न सकिने अवस्था देखिएन। क्वारेन्टाइन भवन स्थलमा सुरुवातको समयतर्फ व्यक्तिहरुका अत्याधिक चापका कारण २-३ दिन व्यवस्थापनमा समस्या भएपनि त्यसपछि त्यस्तो समस्या नरहेको र

मृतकका आफन्तले बताए अनुसार गर्मीको समय भएकाले रातको समयमा भवनको छतमा गई मृतक राजु सदा सुत्ने गरेको वुझिन आएको छ।

**क. क्वारेन्टाइन स्थल**

१.कोरोना महामारीका कारण मुलुक बाहिरबाट आउने व्यक्तिहरुलाई यथोचित बस्ने स्थलको व्यवस्था हुनुपर्नेमा सो सन्दर्भमा व्यवस्थापकीय पक्ष कमजोर रहेको पाइयो।

२.क्वारेन्टाइनमा बसेकाहरुको नियमित स्वास्थ्य जाँचको अभिलेख समेत नराखेको पाइयो।

३.मृतक राजु सदालाई झाडापखाला नलागेको भनिएको तर निजलाइ जीवनजल खुवाइएको।

४.नगरपालिकाले बोर्डरदेखि स्थानीय तहसम्म ल्याउन सवारी साधनको व्यवस्था साथै एम्बुलेन्स सम्मको व्यवस्था गर्न नसकेको।

५.झाडापखाला लागेका विरामीलाई बेलैमा औषधोपचार गराउनु पर्नेमा सो नभएको पाइयो।

६.उपचारमा संलग्न स्वास्थ्यकर्मीका लागि आवश्यक स्वास्थ्य उपकरणको व्यवस्था बेलैमा नभएको।

**ख. प्रादेशिक अस्पताल**

प्रादेशिक अस्पताल, जनकपुरधामका पुर्व मे.सु. गौरांग मिश्रलाई विषय विज्ञको रुपमा आमन्त्रण गरी समितिका मा. सदस्यहरुले छलफल गर्नुभयो। सो छलफलबाट प्राप्त निश्कर्षहरु-

१.अस्पतालको प्रतिवेदनसाथ संलग्न विवरणमा विरामीसँग फोन मार्फत सम्पर्क गरेको भनिएको तर छलफलका क्रममा प्रत्यक्ष रुपले उपचारमा संलग्न र Treatment plan गर्ने गरेको भनिएको।

२.करिब २ महिना अघि मानसिक अवस्था ठीक नरहेका एक विरामीले सिसिटिभि, तार, धारा लगायत सामाग्रीहरु तोडफोड गरेको भनिएकोले निजको तँहा उपचारका बखत लडेको भनिएको आवश्यक भिडियो फुटेज प्राप्त गर्न नसकिएको ।

३.TPR चार्टमा रहेका सबै महलहरु नभरिएको तर अन्यत्र कतै कतै लेखेको पाइएको । जाँच गरिएको विवरण यथास्थानमा नराख्दा सो जाँच नगरे सरह नै हुने हुन्छ।

४.त्यसै गरि SARS-COVID-2 को उपचारका लागि TPR चार्टमा SPO2 को महल आवश्यक रहन्छ तर सो महल नै नरहेको पाइयो।

५.SARS-COVID-2 को उपचारमा X-ray मेशिन नभइ नहुने अवस्था रहन्छ तर त्यहा अस्पतालमा हालसम्म सो सामाग्री उपलब्ध नरहेको।

६.प्रयोगशालाले स्वास्थ्य जाँचको नतिजा विलम्व गरी उपलब्ध गराएको साथै Na, K जस्ता इलेक्ट्रोलाइटको नतिजामा समेत अस्वभाविक रुपमा ढिलासुस्ती गरेको पाइयो।

७. RDT positive विरामीको PCR Report पनि अत्यन्त ढिलो गरी उपलब्ध गराइएको।

८.अस्पताल श्रोतबाट प्राप्त जानकारी अनुसार CT Scan गर्न विरामीका आफन्तले नमानेको भनिएको तर अस्पतालका मे.सु.का अनुसार त्यस्तो अवस्थाका विरामीलाई निशुल्क उपचारको

व्यवस्था रहेकोमा विरामीका आफन्तलाइ सो सम्वन्धमा जानकारी नगराइएको साथै अभिभावकको Refusal Note संलग्न नरहेको ।

९.विरामी Isolation बेडबाट झरेको भनिएको तर विरामी बेडबाट झरे उपरान्त कति समय पश्चात स्वास्थयकर्मी त्यहा पुगेको यथार्थ cctv खराब भएको हुनाले यकिन गर्न नसकिएको ।

१०.ICU को Portable X-ray SARS COVID-2 को Isolation मा राखिएको जुन सो कार्यको लागि उपयुक्त नभएको ।

११.Lumbar Puncture सम्वन्धमा विरामीको अवस्था गम्भिर रहेकोले CT Scan नभइ सो गर्न नसकिएको भनिएको ।

१२. बेलैमा PCR report प्रयोगशालाले उपलब्ध गराएको भए विरामीको स्वास्थ्य उपचार थप प्रभावकारी हुन सक्थ्यो ।

**ग. सम्वन्धित सामाजिक विकास मन्त्रालय**

मन्त्रालयसँग निरन्तर सम्पर्क गर्न खोज्दा फोन नउठेको र पत्र लेखि घटना सम्वन्धमा जानकारी माग गरिएकोमा सो सम्वन्धमा समेत कुनै जवाफ प्राप्त नभएको । कोरोना महामारीका कारण स्थापित गरिएको कोभिड अस्पतालको व्यवस्थापकीय पक्ष बलियो हुनुपर्ने र मानव स्वास्थ्य संवेदनशिलताप्रति गम्भिर रुपमा प्रस्तुत हुनुपर्नेमा मन्त्रालयको सशक्त उपस्थिति हुन नसकेको देखियो ।

कोभिड विरामी लक्षितका लागि बनाइएको अस्पतालमा Pre isolation मा रहंदा विरामीका लागि Laboratory, X-ray, CT scan, Ventilator को व्यवस्था नरहेको र अस्पतालका अनुसार सामाजिक विकास मन्त्रालयले सो सम्वन्धमा आवश्यक पहल नगरेकोले समग्रमा व्यवस्थापकीय पक्ष कमजोर रहेको देखिन्छ ।